## आ.व. ०६४/०६५ आम्दानी

| | सशर्त | | | | | अनुदान | सीमा | सामाजिक सुरक्षा | वाश | एलजिसिडिपि | आन्तरिक | मौज्दात | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा | स्वास्थ्य | पशु | कृषि | जम्मा | | | | | | | | |
| असार | | ४०३६००० | | | ४०३६००० | | | | | ४३०००० | ९७१४४१ | ६७०६४८७.९३ | १२१४३९२८.९ |
| जेष्ठ | | | | | | ० | ७२९९००० | | ५६०००० | | ३३३९९२ | १२५९३७०.५ | ९४५२३६२.५ |
| बैशाख | | | | | | | | | | | ३३८७४१ | | ३३८७४१ |
| चैत्र | | | | | २८०५७००० | ६७७००००० | ० | २६१४३००० | २०४०००० | ६३०००० | १४१७६४ | | १२४७११७६४ |
| फाल्गुण | | | | | | ० | | | | | | | ० |
| माघ | | | | | | ० | | | | | १६२७०८ | | १६२७०८ |
| पौष | | | | | | ० | | | | | | | ० |
| मंसिर | | | | | १७७७१००० | ६७७०२००० | ९६२००० | | ७००००० | - | ७३४७४ | | ८७२०८४७४ |
| कात्तिक | | | | | | ० | | | | | ८५४९० | | ८५४९० |
| आश्विन | ४९५७५००० | १२८४२००० | २९७००० | ८८७००० | | ० | ३०५००० | १३०७२००० | | | १०३७९५ | २१९२९१ | १३७०००८६ |
| भाद्र | | | | | १७७७३००० | ६७७००००० | | | १०१९००० | | १००५९४ | ३८७१९९५.३१ | ९०४६४५०९.३ |
| श्रावण | | | | | ६७६३७००० | २०३१०२००० | ८५६६००० | ३९२१५००० | ४३१९००० | १०६०००० | २३११९९९ | १२०५७०६४.७४ | ३३८२६८०६३.७४ |
| | ४९५७५००० | १६८७८००० | २९७००० | ८८७००० | | | | | ३६०००० | | | | |
| | | | | | | | | | ४६७९००० | | | | |

६७६३७०००

४३१९०००

२९७००० ८८७००० ३६८४६४८

जम्मा निकाशा ३०७७१० ९२३१३० २९२८६९५ ६३४३५२

खर्च -१०७१० -३६१३०

वचत

## आ.व. २०७४०७५ को कुल खर्च रकम

| | सशर्त | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा | स्वास्थ्य | पशु | कृषि | जम्मा | समानीकरण अनुदान | सीमा | सामाजिक सुरक्षा | वाश | एलजिसिडिपि | जम्मा |
| चालु | ४८९७५१६० | १७२८८१३८.१० | ९२३१३० | ३०७३१० | ६७४९३७३८.१० | १४४२१८९४७.२० | १३०१९० | ४८९७५१६० | १६७९९१० | ३०२६६६ | २६२८००३११.३० |
| पुजिगत | | | | | | | ५७९११५० | | १९६००६४ | ५९८३२५ | ८३४९५३९.०० |
| जम्मा | ४८९७५१६० | १७२८८१३८.१० | ९२३१३० | ३०७३१० | ६७४९३७३८.१० | १४४२१८९४७.२० | ५९२१३४० | ४८९७५१६० | ३६३९६७४ | ९००९९१ | २७११४९८५०.३० |
| | | | | | | | | | वचत रकम | | ६७११८२१३.४४ |
| | | | | | | | | | जम्मा खर्च | | ३३८२६८०६३.७४ |



Scanned by CamScanner

## मर्चवारी गाउँपालिका, गाउँसभाबाट आर्थिक बर्ष ०७५/७६ का लागि स्वीकृत निर्णयहरु

निर्णय नं १

मर्चवारी गाउँपालिकामा पेश भएको आर्थिक विधेयक २०७५ साविक बमोजिम भए बमोजिम गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

मर्चवारी गाउँपालिकामा पेश भएको विनियोजन विधेयक २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ३

गाउँपालिकाको आ.व. ०७५।७६ का लागि नेपाल सरकारबाट सशर्त अनुदान दर्फ ८ करोड ०१ लाख र निशर्तः अनुदान तर्फ रु. १२ करोड २४ लाख गरी जम्मा २० करोड २५ लाख, केन्द्र सरकार राजश्व बाडफाड बाट रु. ७२ लाख ६० हजार ८०० , आन्तरिक राजश्वबाट रु. ३५ लाख, गत आ.व. को नगद मौज्दात ६ करोड रुपैंया, सामाजिक सुरक्षा भत्तामा ५ करोड ७५ लाख र प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट ४५ लाख ६२ हजार, प्रदेश सरकार शसर्त अनुदानबाट ९६ लाख, प्रदेश राजस्व बाडँफाडबाट ३९ लाख ३२ हजार,सीमा क्षेत्र विकास कार्यक्रममा १ करोड १५ लाख, विषयगत सुआहारा कार्यक्रममा रु. ९ लाखस्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा रु. ३५ लाख गरी रु. ३६ करोड ४७ लाख ५४ हजार ८०० स्वीकृत गर्ने निर्णय गरियो ।

व्ययतर्फ चालु तर्फ ६ करोड २५ लाखमा प्रशासनिक खर्च, सामाजिक सुरक्षा भत्ताको लागि रु. ५ करोड ७५ लाख, सशर्त खर्च केन्द्र सरकार कार्यक्रम तर्फ ८ करोड १ लाख, समपुरक कोष तर्फ रु. २० लाख, विपत् व्यवस्थापन कोषमा रु. ३५ लाख, ममर्त संभार कोष तर्फ रु. ३२ लाख, कर्मचारी कल्याण कोष तर्फ रु. ३ लाख ५० हजार, सशर्त खर्च प्रदेश सरकार तर्फ रु. ९६ लाख, आर्थिक विकास तर्फ १ करोड ७४ लाख ५१ हजार २०० , सामाजिक विकास तर्फ १करोड ४९ लाख ८० हजार ४८०, पुर्वाधार विकास तर्फ ६ करोड , वातावरण तथा विपद व्यवस्थापन तर्फ३४ लाख ९० हजार २४० , संस्थागत विकास तथा सेवा प्रवाहमा रु. ३करोड ३८ लाख ८२ हजार ८८० र वित्तीय व्यवस्थापन तथा सुशासन लगायतको काममा रु. ३ लाख, सीमा क्षेत्र विकास कार्यक्रममा रु. १ करोड १५ लाख, विषयगत सुआहारा कार्यक्रममा रु. ९ लाख, स्थानीय सामुदायिक विकास कार्यक्रममा रु. ३५ लाख गरी व्यय तर्फ पनि रु. ३६ करोड ४७ लाख ५४ हजार ८०० विनियोजित खर्च स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

केशर चन्द्र बनिया
गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

आ.व. ०७५।७६ मा बजेट तथा कार्यक्रम संचालनार्थ विषयगत समितिबाट प्राप्त सुझाव अनुसार तपशिलका नीतिहरु तय गर्ने निर्णय गरियो ।

**१. पुर्वाधार तथा संरचना विकास समिति तर्फका नीतिहरु**

**सडक निर्माण तर्फ :**

- स्थानीय तहको केन्द्र रहेको स्थान देखि प्रत्येक वडा केन्द्र जोड्ने सडकको स्तरोन्नती गरी सर्वयाम यातायात संचालन गर्न सकिने गरी सडक निर्माण गर्ने कार्यलाइ पहिलो प्राथमिकतामा राखी काम अगाडी वढाईने छ । साथै केन्द्र देखि वडा केन्द्र सम्म सडक संजालले नजोडिएकोमा नयां ट्र्याक समेत खोली सडक निर्माण गरिने छ ।
- गाउंपालिकाको चारै तर्फ चकपथको रुपमा सडक निर्माण तथा विस्तार गर्ने गरी कार्यक्रम ल्याइने छ ।
- दुई आर्थिक केन्द्र जोड्ने र  वडा र वस्तीस्तरीय सडक आयोजनाहरुलाइ क्रमश विस्तार स्तरोन्नती गरिदै लगिने छ ।
- ग्रामीण क्षेत्रमा सडक निर्माण गर्दा नाला निर्माण कार्यलाई संगै लगिनेछ ।
- सडक योजना छनौट गर्दा बाहै महिना यातायात सञ्चालनमा टेवा पुग्ने, सवारीको चाप वढी भएका सडकहरुलाई प्राथमिकतामा राखिनेछ ।
- सडक मर्मत सुधार गर्ने बाहेकका सडक योजनामा ५ लाख भन्दा कम रकम विनियोजन नगर्ने नीति लिइनेछ ।
- बजेट विनियोजन गर्दा वडागत दामासाहीले भन्दा पनि आवश्यकताका आधारमा वजेट विनियोजन गरिने निति लिइनेछ ।
- अन्य क्षेत्रवाट रकम परेका आयोजनाहरुमा दोहोरोपन हुने गरी वजेट विनियोजन नगरिने निति लिइनेछ ।
- अधुरा योजनाहरुलाई उच्च प्राथमिकतामा राखिनेछ ।
- प्राविधिकबाट डिटेल सर्भे नगरी सडक ट्र्याक खोल्ने काम नगर्ने नीति लिईनेछ ।
- बाटो निर्माण गर्दा Right of Way (सडक क्षेत्राधिकार) कायम गरेर मात्र निर्माण गर्न निति लिइने छ ।
- नयाँ ट्र्याक खोल्ने र सडक मर्मत गर्ने वाहेकका सडक निर्माणका योजनाहरुमा काम गर्दा निम्न चरणहरुलाई कडाइका साथ पालना तथा कार्यन्वयन गर्ने नीति लिइनेछ,
  १. सडक चौडाई विस्तार र नाली निर्माण
  २. कल्भर्ट निर्माण
  ३. टेवा पर्खाल निर्माण
  ४. ग्राभेल तथा कालोपत्रे निर्माण
- सडक निर्माणको क्रममा हुन गएको वातावरणीय क्षति न्यूनीकरणको लागि सम्बन्धित योजनाबाट निश्चित रकम लागत अनुमानमा नै विनियोजन गरी वातावरण संरक्षण संवन्धी कार्यहरु गरिनेछ ।
- उपभोक्ता समितिबाट गरिने सडक निर्माणका कार्यहरुमा ठूला उपकरण लगाउन परेमा पूर्व स्वीकृत लिई लगाउने व्यवस्था मिलाइनेछ ।

**भवन निर्माणतर्फ**

- अधुरा तथा क्रमागत  भवन निर्माणका योजनाहरुलाई प्रथम प्राथमिकतामा राखिनेछ ।
- क्षतिग्रस्त भएको संरचनालाई प्राथमिकताका साथ पूनर्निर्माण कार्यमा पहल गरिने छ ।

गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

- भवन बनाउदा अपाङ्ग तथा बालमैत्री हिसाबले बनाउने नीति लिइनेछ ।
- आर्थिक रुपमा टेवा दिने खालका योजना शितगृह (Cold Store) निर्माणको निम्ति पहल गरिनेछ ।
- स्वास्थ्य, विद्यालय, क्याम्पस, छात्राबास,सामुदायीक प्रहरी चौकी जस्ता सरकारी भवनहरुको निर्माणमा जोड दिइनेछ
- राष्ट्रिय भवन निर्माण आचार संहिता लागू गर्न जोड दिइनेछ ।
- प्रत्येक वडामा १।१ वटा सभाहल निर्माण गर्न जोड दिइनेछ ।

**विद्युततर्फ :**

- विद्युत नपुगेका स्थानमा ग्रामीण विद्युतीकरण योजना तयार गरी सोही बमोजिम उपयुक्त उर्जा समेतको प्रविधि अनुरुप विद्युत विस्तारमा विशेष जोड दिइने छ ।
- ग्रामीण विद्युतीकरण आयोजनाहरुको विस्तृत विवरण सहितको प्रोफाईल तयार गरि आबश्यकता बमोजिम मर्मत संभार गरिदै लगिने नीति अवलम्वन गरिनेछ ।

**सञ्चार विकासतर्फ**

- संचार सुविधालाइ थप प्रभावकारी वनाइ संचालन गर्न आवश्यक स्थानमा नयाँ टावरहरु निर्माणमा जोड दिइनेछ ।
- गुणस्तरीय इन्टरनेट सेवा विस्तार गर्न पहल गरिनेछ ।
- वडा स्तरीय सूचना प्रबिधि केन्द्र स्थापनामा जोड दिइनेछ ।

**पर्यटन विकास तर्फ :**

- मर्चवारी गाउंपालिकालाइ धार्मिक पर्यटन, ऐतिहासिक स्थलमा आधारित पर्यटन, कला तथा संस्कृति सम्बन्धित सास्कृतिक पर्यटनको रुपमा विकसित गर्दै गुरुयोजना अनुरुप लगिनेछ ।
- ग्रामीण पर्यटनलाई प्रवर्धन गर्न होमस्टे कार्यक्रमको प्रवर्द्धन र प्रचार प्रसार गरिने छ ।
- पर्यटनको विकासका लागि सूचना, सुविधा र सुरक्षाको अवधारणालाई अबलम्वन गरिनेछ ।
- गाउंपालिका क्षेत्र भित्र रहेका महत्वपूर्ण ऐतिहासिक सम्पदा, मठमन्दिर, मस्जिद, घाट, चौतारा लगायत विभिन्न ऐतिहासिक पार्कको संरक्षण तथा सम्बर्द्धन गर्नका साथै राष्ट्रिय गौरव प्राप्त ऐतिहासिक विशिष्ट व्यक्तिहरुको योगदानलाई उजागर गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।

## २. जलश्रोत तथा भूमि सम्बन्धी नीति

### १) खानेपानी, स्वास्थ्य र सरसफाइ तर्फ:

- प्रकोपबाट क्षति भएका खानेपानी आयोजनाहरु पुन: निर्माण गर्ने र खानेपानीका योजनाहरुको पुन बैकल्पिक स्रोत खोजी गरि खानेपानी योजना निर्माणको लागि पून निर्माण तथा पूनर्स्थापना कार्यमा सहयोग गर्न आएका गैर सरकारी संघ संस्था, प्रदेश तथा केन्द्र सरकार लगायत संग आवश्यक समन्वय गरि गाउंपालिका भित्रका सवै जनतालाइ ३ वर्ष भित्र आवश्यकताअनुसार शुद्ध पिउने पानीको समुचित प्रवन्ध गरिने छ ।
- विस्तृत सर्वेक्षण तथा सम्भाव्यता अध्ययन भई शुरु भएका क्रमागत अधुरा खानेपानी तथा सिंचाई आयोजनाहरुलाई समयमानै सम्पन्न गर्ने गरि आवश्यक बजेटको व्यवस्था गर्ने नीति लिइने छ ।

गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

- खानेपानी आयोजनका लागि बजेट विनियोजन गर्दा योजनाको रकमको न्यूनतम ५% बजेट रकम मर्मत संभार कोषको रुपमा छुट्याउने व्यवस्था गरिनेछ ।
- खानेपानी तथा सरसफाइ कार्यक्रम संचालन गर्दा न्यूनतम २० प्रतिशत सरसफाइ क्षेत्रमा लगानी गर्नुपर्ने नीति लिईनेछ ।

२) सिंचाई तर्फ :

- ठूला सिंचाई, मझौला सिंचाई, साना सिंचाई र थोपा सिंचाई जस्ता प्रविधि प्रवर्द्धनको नीति अवलम्बन गरिनेछ ।
- बाँझो तथा खेतीयोग्य जमीनमा सिंचाइको व्यवस्था मिलाइने नीति लिइनेछ ।
- सिचाई सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरुलाइ प्रोत्साहीत गरी कामलाई समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्न जोड दिइने छ ।
- सिंचाइ नपुगेका थप क्षेत्रमा सिंचाईका अन्य सम्भाव्य क्षेत्र र योजनाहरुको खोजी तथा सम्भाव्यता अध्ययन गर्न बजेट विनयोजन गर्न जोड दिइनेछ ।
- खेतीयोग्य (कृषि क्षेत्र) जग्गा भित्र वस्ती विस्तारमा निरुत्साहित गरिदै लगिनेछ ।

**३. सामाजिक विकास समितिका नीतिहरु**

शिक्षा तर्फ :

- पूर्ण साक्षरता अभियानलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न जोड दिइनेछ ।
- गरिव तथा जेहेन्दार विद्यार्थिहरुको लागि लुम्बिनी बौद्ध विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत गर्न ६ जना विद्यार्थीहरुको प्रति विद्यार्थी बार्षिक ५० हजारका दरले बार्षिक ३ लाख खर्च Bachelor in Travel and Tourism Management अध्ययनार्थ व्यहोरिने छ ।
- कृषि, पशु, स्वास्थ्य, आयुर्वेद, होटल व्यवस्थापन, निर्माण आदिको पठनपाठन हुने हिसावको बहुप्राविधिक शिक्षालय (Polytechnic School) को स्थापनामा विशेष जोड दिइ यस मार्फत स्वरोजगारमा वृद्दी गरिनेछ ।
- सरकारी विद्यालयहरुलाई शैक्षिक विकासका लागि उत्प्रेरण जगाउने विशेष कार्यक्रम ल्याईनेछ ।
- विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुका नयां कक्षा कोठा निर्माण मर्मत खानेपानी तथा बाहिरी वातावरण सुधार र छात्रा सौचालय निर्माण, फर्निचर, शैक्षिक सामाग्री, कम्प्यूटर आदी जस्ता कार्यक्रमहरुलाइ प्राथमकिता दिइनेछ ।
- बिद्‌यालयकाभौतिकसंरचनाहरुलाईबालमैत्रीतथाअपाङ्गमैत्रीबनाउने।साथैकक्षाकोठारबिद्‌यालयकोसमग्रबाताबरणबालमैत्रीबनाउनेतर्फअभियान सञ्चालनगर्नेनीति लिईनेछ ।
- प्राथमिकविद्‌यालयउमेरसमूह(५–९बर्ष) कासबैबालबालिकाबिद्‌यालयभर्नाभएकोसूनिश्चितगर्नेविद्‌यालयमार्फत आफ्नासेवाक्षेत्रभित्रकाबालबालिकाविद्‌यालयबाहिररहेनरहेकोलगतसंकल

केशव नन्द [illegible]
गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

नगर्नेरबाहिररहेकोपाइएमास्थानीयसमेतकोसहयोगमाविद्यालयभर्नागराउनेअभियानसञ्चालनगर्नेनीति लिईनेछ ।

- विद्यालयतहकाबालबालिकाहरुलाईनैतिकआचरणरअनुशासनयूक्तबनाउनएवम्चौतर्फीब्यक्तित्वविकासगर्नेस्काउट,रेडक्रस,बालक्लबआदिमाआबद्धगराईबिभिन्नखेलकूद, अतिरिक्तक्रियाकलापएवम्सामाजिकसाँस्कृतिकक्रियाकलापहरुलाईविद्यालयहरुमाप्राथमिकताकासाथसञ्चालनगर्नेप्रबन्धमिलाउनेनीति लिईनेछ ।
- सामुदायिकविद्यालयहरुकोब्यवस्थापनमासुधारल्याउनविब्यसलाईथपक्रियाशिलतुल्याउनेनीति लिईनेछ ।
- संस्थागतविद्यालयहरुकोनियमनलाईप्रभावकारीतुल्याउनेनीति लिईनेछ ।
- विद्यालयकोअनुगमनरसुपरीवेक्षणलाईथपप्रभावकारीबनाउनेनीति लिईनेछ ।
- क्षतिग्रस्त गाउंपालिका स्थित सम्पूर्ण विद्यालयहरुको यथासिघ्र पुन निर्माण तथा नवनिर्माण गर्ने नीति लिईनेछ ।

स्वास्थ्य तर्फ :

- भइरहेका सवै स्वास्थ्य चौकीहरुको स्वास्थ्य सेवा विस्तार गरी वर्थिङ सेन्टर तथा प्रसुति सेवा उपलब्ध गराउँदै लगिनेछ ।
- आपतकालीन स्वास्थ्य सुरक्षा कोषको स्थापना तथा स्वास्थ्य विमामा आवद्ध गरिदै लगिने छ ।
- २ वर्ष भन्दा मुनिका बालबालिका, गर्भवती, सुत्केरी र स्तनपान गराईरहेका आमाहरुको पोषण प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- अस्पताल वा स्वास्थ्य केन्द्रवाट वच्चा जन्माउने आमाको लागि पोषण भत्ता वापत एक सुत्केरी आमालाइ एक मुष्ट पौष्टिक आहारा स्वरुप रु १५००। उपलब्ध गराइने नीति लिइने छ ।
- आगामी ३ वर्ष भित्र गाउंपालिका भित्र एम्वुलेन्स र शव वाहन सेवा संचालनमा ल्याइने छ ।

लक्षित कार्यक्रमहरु तर्फ :महिला विकास तर्फ :

- महिला विरुद्धका विभिन्न किसिमका हिसां नियन्त्रण र विभेद अन्त्य गर्ने नीति लिइनेछ ।
- ग्रामीण क्षेत्रका सिमान्तकृत एवम् विपन्न महिलाहरुको क्षमता अभिवृद्धि एवं जीवनस्तर सुधार सहित सशक्तिकरण गरिनेछ ।
- निरक्षरता उन्मुलन गर्न तथा साक्षारताको तह बृद्धि गर्न गृहिणी शिक्षालाई प्रोत्साहित गरिनेछ ।
- लैङ्गिक समानता तथा सार्थक सामाजिक समावेशीकरणमा जोड दिइनेछ ।
- शिक्षा, स्वास्थ्य, रोजगारीमा महिलाहरुको पहुँच बृद्धि गर्दै लगिनेछ ।
- महिलाहरुलाई व्यवसायीक तालिम दिई व्यवसाय संचालनतर्फ प्रेरित गराउने नीति लिइनेछ ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

- एकल तथा विपन्न महिलाहरुको जीवनस्तर सुधार्नको लागि विभिन्न सीप तथा आयमूलक कार्यक्रमहरु संचालनमा विशेष जोड दिईनेछ ।
- महिला, अशक्त, असहाय, बृद्ध, विपन्न वर्गको कानुनी परामर्शका लागि कानुनी परामर्श डेस्क संचालन गर्ने तर्फ विशेष ध्यान दिईनेछ ।

बालवालिका विकास तर्फ :

- बालमैत्री स्थानीय शासनको कार्यक्रम कार्यान्वयन प्रक्रियाको लागि कम्तिमा आगामी वर्ष एउटा वडामा कार्य प्रारम्भ गरिने छ र आगामी वर्षहरुमा सवै वार्डहरुलाइ बालमैत्री स्थानीय शासनको अवधारणमा विकास गरिदै लगिने छ ।
- बालबालिकाको हकहितलाई स्थापित गर्न गराउन स्थानीय तहमा बाल क्लव तथा वाल सञ्जाल विस्तारमा विशेष जोड दिईनेछ ।
- शिशुस्याहार केन्द्रको स्थापना तथा व्यवस्थापनमा जोड दिइनेछ ।
- आवश्यकता अनुसार अनाथ बालआश्रम स्थापनामा पहल गरिनेछ ।
- निर्माण हुने संरचनाहरु बालबालिका मैत्री बनाइनेछ ।
- बालश्रम शोषणलाई अन्त गर्ने नीति लिइने छ ।

अपांग उत्थान तर्फ :

- अपाङ्गमैत्री स्वरोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- निर्माण हुने भवन लगायत भौतिक संरचनाहरु अपाङ्गमैत्री बनाइनेछ ।
- अपाङ्ग व्यक्तिहरुको सेवाका क्षेत्रमा पहुँच विस्तार गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुले स्थापना गरेर संचालन गरेका संघ संस्थालाई टेवा दिने नीति लिइनेछ ।
- अपाङ्ग लक्षित क्षमता विकास तथा सीप विकास सम्बन्धी कार्यहरु समन्यात्मक रुपमा गरिनेछ ।

आदिवासी, जनजाति उत्थान तर्फ :

- आदिवासी, जनजाति समुदायको भेषभूषा, कला, साहित्य, भाषा एवं संस्कृतिको संरक्षण र प्रबर्द्धनका लागि विशेष पहल गरिनेछ ।

दलित, मुस्लिम एवं पिछडावर्ग उत्थान तर्फ :

- पिछडिएको वर्गको उत्थानको लागि सीपमूलक, रोजगारमूलक तथा आयमूलक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
- समुदाय सहकारी मार्फत दलित वर्गको परम्परागत सीप तथा दक्षताको आधुनिकिकरण तथा व्यवसायिकरण गर्ने तर्फ पहल गरिने छ ।
- छुवाछुत तथा भेदभाव उन्मूलनको लागि प्रभावकारी कार्यक्रम ल्याईनेछ ।
- अति गरिवीमा रहेका घर परिवारलाई विभिन्न सहुलियतका कार्यक्रमहरु मार्फत विकास प्रयासमा मुलप्रवाहिकरण गरिने छ ।
- मुस्लिम समुदायको साँस्कृतिक तथा धार्मिक कृयाकलाप संचालनमा आवश्यक सहयोग गरिने छ ।
- पछाडि परेको तथा पारिएको वर्गको उत्थान तथा विकासको लागि जनचेतना मूलक, तथा विशेष कार्यक्रमहरु संचालन गरिने छ ।

जेष्ठ नागरिक तर्फः

गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

- ८० वर्ष पुगेका वा नाघेका जेष्ठ नागरिकहरुको उचित स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि गाउंपालिका वाट थप सुविधा उपलव्ध गराइने छ ।
- जेष्ठ नागरिकहरुको लागि राज्यले उपलव्ध गराउने सेवा सुविधा बैंकिङ प्रणाली मार्फत् उपलव्ध गराइने नीति लिइनेछ साथै बहुउद्देशिय बृद्ध आश्रम निर्माण तथा व्यवस्थापनमा जोड दिइनेछ ।

**पत्रकारिता विकास तर्फ :**

- विकास र संचार सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गरी विकासमा सञ्चारको भूमिका बृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- संचारग्राम बनाउन आवश्यक सहयोगको नीति लिइनेछ ।

**युवा तथा खेलकुद विकास तर्फ :**

- कुलत तथा दुर्व्यसनमा लागेका युवाहरुलाई पुन:स्थापनामा जोड दिइनेछ ।
- युवा वर्गलाई कुलत, एचआईभि तथा एड्स जस्ता जोखिमहरुबाट टाडा राख्न जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- युवाका लागि खेलकुद विकास भन्ने अवधारणा बमोजिम गाउंपालिका क्षेत्रको उपयूक्त स्थानमा एक खेलकुद मैदान निर्माण गरि खेलकुद विकासको लागि आवश्यक खेलकुद सामाग्री उपलव्ध गराइ युवाहरुको क्षमता विकासमा जोड दिईनेछ ।
- युवा लक्षित विशेष कार्यक्रम संचालनमा जोड दिईनेछ ।
- युवा विशेष कार्यक्रममा जोड दिई वैदेशिक रोजगारीमा जाने युवालाई लक्षित गरि काम गर्ने वातावरण सुनिश्चित गर्ने नीति लिईनेछ ।

**योजना तथा तथ्याङ्क विकास तर्फ :**

- आवधिक गाउंपालिका योजना, गाउंपालिका यातायात गुरुयोजना, गाउंपालिका पार्श्वचित्र, संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन, हाल सम्मको यस गाउंपालिकाको विकास निर्माण लगायत सेवा प्रवाहको विवरण स्पष्ट झल्कने स्थिति पत्र आदि तयार गरिने छ । सो मार्फत विकासका सूचक तथा मापन तालिका वनाइ विकास र सेवा प्रवाहलाइ चुस्त वनाइने छ ।

**गैर सरकारी संघ संस्था तर्फः**

- गैर सरकारी संघ संस्थाबाट संचालन गरिने कार्यक्रमहरु अनिवार्य रुपमा स्थानीय तहसंग स्वीकृति र समन्वय गरेर मात्र कार्यान्वयन गर्नुपर्ने नीति लिईनेछ ।
- गैससहरुबाट संचालन गरिने हरेक कृयाकलापहरुको प्रभावकारी रुपमा अनुगमन गरि कार्यक्रमलाई चुस्त दुरुस्त र थप प्रभावकारी बनाईने नीति लिईनेछ ।
- गैर सरकारी संस्थाहरुले आफ्नो लागतमा संचालन गर्ने छुट्टै कार्यक्रमको कार्ययोजना पेश भए मात्र गाउँपालिकाले सो अनुसार कार्यक्रम संचालन गर्न दिनेछ ।

**४.कृषि, वन तथा वातावरण क्षेत्रका नीति**

**पशु विकास तर्फ :**

- प्राकृतिक र कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार कार्यक्रम लागू गरिनेछ ।
- स्वच्छ, स्वस्थ मासु वितरणलाई व्यवस्थित र प्रभावकारी गराउन जोड दिइनेछ ।
- स्थानीय उत्पादनलाई प्रबर्द्धन एवं उपभोगमा जोड दिइनेछ ।

गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

- गाउंपालिका क्षेत्र भित्र दक्ष पशु प्राविधिक कर्मचारीको लागि विभिन्न तालिमहरुको व्यवस्था मिलाइने छ

सहकारिता तर्फ :

- सहकारीतालाई प्रवर्द्धन गर्दै कृषक तथा बजारको बीचमा सहकारीलाई स्थापित गर्ने नीति लिइनेछ ।
- कृषक कृषि सहकारी मार्फत किसानहरुलाई प्रदान गरिने कृषि सम्वन्धी सेवाहरु समयमानै प्रदान गर्ने नीति लिइनेछ । तथा यस्ता सहकारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- उत्पादनमुलक कृषि सहकारीको माध्यमद्वारा दलित, आदिवासी, जनजाति, मुस्लिम, अल्पसंख्यक, एवं महिलाहरुको आर्थिक बृद्धि विकासमा जोड दिइनेछ
- वित्तीय सहकारीहरुलाई समाजको आधारभूत तहसम्म विस्तार गरी आर्थिक सामाजिक रुपान्तरणको आधार बनाइनेछ ।
- समाजमा छरिएर रहेको महिलाहरुको सानो तिनो बचत संकलन गरी लगानीयोग्य /उत्पादन मूलक पूँजी निर्माण गर्ने कार्यमा सहकारीहरुको परिचालन गरिनेछ ।

कृषि विकास तर्फ :

- कृषि क्षेत्रको पुनर्स्थापनाको लागि विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय गरी कार्यक्रमहरु अगाडी बढाईनेछ ।
- कृषिको विविधिकरण र व्यवसायीकरणमा जोड दिई आवश्यकता अनुरूप तुलनात्मक लाभको खेती योजना गाउंपालिका स्तरमै तयार गरी आवश्यक उत्पादन सामाग्री एवं उन्नत कृषि प्रविधिलाइ कृषक समूह मार्फत आम कृषक परिवारमा पुर्‍याइने छ ।
- गाउंपालिका भित्रको हावापानी र माटो अनुकुल विभिन्न जातका फलफूल, जडीवुटी तथा व्यवसायिक तरकारी खेती प्राथमिकता दिइने छ ।
- सडकको आसपासका क्षेत्रमा व्यवसायिक तरकारी र फलफुल पकेट क्षेत्र विस्तार गरिनेछ ।
- तरकारी तथा अन्य नगदे वालीको व्यावसायीकरणलाई टेवा पुर्‍याउन संकलन केन्द्र तथा सहकारिताको विकास गरिनेछ ।
- च्याउ,मौरी तथा मौसमी /वेमौसमी तरकारी खेतीवाट विपन्न, सिमान्तकृत कृषकहरुको आयआर्जन गर्नका लागि थप पहल गरी गरिनेछ ।
- कृषि उत्पादनको उपयुक्त बजारको व्यवस्था मिलाउन हाटवजार व्यवस्थापनमा जोड दिइनेछ ।
- गाउंपालिका क्षेत्र भित्र विभिन्न जातको फलफूलको पकेट क्षेत्रको रुपमा विकास गरी **"एक घर सानो बंगैचा, एक घर एक मौरी घार"** व्यवस्थापनको नीति अवलम्बन गरिनेछ ।
- लोपोन्मूख स्थानीय बाली संरक्षण लागि बिउ संरक्षण कार्यक्रम संचालन गरिने छ ।
- निर्बाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गर्न जोड दिइनेछ
- प्रदूषीत कृषि उपजको उपभोगबाट आफू जोगिई र अरुलाई पनि जोगाउन **"प्राङ्गारिक उपजको प्रयोग गरौं"** भन्ने नारा अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- माटो परिक्षण गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरी माटो सुहाउँदो वाली लगाउन किसानलाई प्रोत्साहन गरिने छ ।
- बृक्षारोपण तथा वन संरक्षणको नीति अवलम्वन गरी हरितगृह प्रभाव न्यूनीकरणको नीति लिइनेछ ।

गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

- "जमिन बाँझो नराखौं, हरियाली जोगाई राखौं" भन्ने नारालाई अभियानको रुपमा सञ्चालनमा जोड दिदै एक वार्ड एक वन नर्सरीको स्थापनामा तथा फलफुल पकेट क्षेत्रको विकासका लागि एक वार्ड एक फलफुल नर्सरी स्थापनामा जोड दिइनेछ ।
- तरकारी खेती, मौरीपालन, फलफुल खेतीमा विशेष जोड दिदै अवस्था अनुसार अनुदान उपलब्ध गराउने नीति अनुरुप कृषकहरुलाइ तालिम समेतको व्यवस्था मिलाइनेछ ।

उद्योग तर्फ :

- ठुला, साना तथा मझौला स्तरका उद्योग एवं व्यापार प्रवद्धनका लागि प्रोत्साहनको नीति लिइनेछ ।

## ५. संगठन तथा प्रशासन समिति

- गाउंपालिका तथा वडा कार्यालहरुमा आवश्यक पर्ने सवै तहका कर्मचारीहरुका रिक्त दरबन्दीहरु पूर्तिमा केन्द्र सरकारसंग समन्वयमा जोड दिइनेछ ।
- दण्ड र पुरस्कारको नीतिलाई वस्तुगत एवं पारदर्शी ढङ्गले व्यवस्थित गरिनेछ
- क्षमता अभिबृद्धि कार्यक्रमहरुलाई थप प्रभावकारी बनाइनेछ ।
- संस्थागत संरचनाहरुलाई समसामयिक रुपले अद्यावधिक गर्दै,आवश्यकता अनुसारका विनियम, कार्यविधिहरु तर्जुमा गर्दै लगिनेछ
- गाउं पालिकाहरुको संस्थागत क्षमता विकासका लागि जननिर्वाचित प्रतिनिधिहरु, गाउंपालिकाका कर्मचारीहरु, वडा सचिव तथा सामाजिक परिचालकहरुलाइ समयानुकुल प्रशिक्षित गरिदै लगिने छ ।
- पारदर्शिता, शुशासन र जवाफदेहितालाई आत्मासाथ गर्दै गाउंपालिका वाट भए गरेका कार्यहरुलाई विभिन्न संचार माध्यम एवं सार्वजनिक सुनुवाई, सामाजिक तथा सार्वजनिक परिक्षण आदी मार्फत जनताहरुमा सुसुचित गराईने नीति अवलम्वन गरिनेछ । प्रत्येक चौमासिकमा कम्तिमा एउटा पर्ने गरी सार्वजनिक सुनुवाइ कार्यकम संचालन गरिने छ । साथै सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी एक शुसासन सहयोग समिति गठन गरी कार्य अघि वढाइने छ ।

## ६. विविध

### विपत व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

- विपत व्यवस्थापनका लागि मर्चवारी गाउंपालिकाको छुट्टै विपत प्रतिकार्य योजना तयार गरी विभिन्न कार्यकमहरु ल्याइनेछ ।
- जलवायु अनुकुलन संवन्धी विविध कार्यकम संचालनमा ल्याइने छ ।

निर्णय नं. ५

आ.व. ०७५।७६ को लागि राजस्व आय र व्ययको अनुमानित साराशं निम्न अनुसार हुने गरी निर्णय गरियो ।

आय व्ययको विवरण ...............................

गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

मर्चवारी गाउँपालिकाको कार्यालय, रुपन्देहीबाट सम्पादन हुने विभिन्न कार्यक्रमहरुका लागि तालिम खर्च सम्बन्धी मापदण्ड तपशिल बमोजिम लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.स. | शिर्षक | गाउँपालिकामा संचालित | वडामा संचालित | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम संचालन सम्बन्धी | | | |
| क) | संयोजक भत्ता | २०००। | १५००। | |
| ख) | स्रोत व्यक्ति पारिश्रमिक - जिल्ला बाहिरबाट भएमा) | ३०००। | २५००। | |
| ग) | हेन्डस आउट | ८००। | ६००। | |
| घ) | सहजकर्ता पारिश्रमिक | १२००। | १०००। | |
| ङ) | सहायक सहजकर्ता पारिश्रमिक | १०००। | ८००। | |
| च) | सहयोगी कर्मचारी पारिश्रमिक | ६००। | ४००। | |
| छ) | प्रशिक्षण सामग्री (३ दिन भन्दा बढी भएमा प्रति दिन थप रु. ५०० | ३०००। | २०००। | |
| ज) | फोटोकपी | आवश्यकताअनुसार | आवश्यकताअनुसार | |
| झ) | सहभागी यातायात खर्च | ३००। | ३००। | |
| ञ) | सहभागी खाजा | १५०। | १५०। | |
| ट) | सहभागी खाना | २५०। | २५०। | |
| ठ) | सहभागी स्टेशनरी | १००। | १००। | |
| ड) | प्रतिवेदन लेखन | २०००। | १५००। | |
| ढ) | हल भाडा | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ण) | विविध खर्च | ३५००। | ३०००। | |
| २. | अनुगमन सम्बन्धी | | | |
| क) | पदाधिकारी तथा अधिकृत स्तर प्रति दिन | १५००। | | |
| ख) | सहायक स्तर प्रति दिन | १२००। | | |

पुनश्च : रु. ५ लाख भन्दा माथिको कार्यक्रम गर्ने संघ सस्था अनिवार्य रुपमा भ्याटमा दर्ता, नवीकरण, प्रशिक्षकले TOTप्रमाणपत्र प्राप्त अनिवार्य रुपमा लिइएको हुनुपर्नेछ । CTEVT बाट मान्यता प्राप्त संघ संस्थाहरुले मात्र सिपमुलक तालिम संचालन गर्नुपर्नेछ ।

निर्णय नं.३१

लुम्बिनी बौद्ध विश्वविद्यालयमा (BBTTM) अध्ययनरत ६ जना विद्यार्थीहरुलाई वार्षिक रु.३ लाख रुपैया मात्र अध्ययनको खर्च गाउँकार्यपालिकाबाट ब्यहोर्ने निर्णय गरियो ।

निर्णय नं.३२

केशव चन्द्र वनिया
गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

सेतो गुराँस बाल विकाससेवा रुपन्देही को प्रारम्भिक कक्षा पढाई कार्यक्रम (**EGRP**) स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५

- जनप्रतिनिधिहरुलाई कार्यव्यस्तता, जिम्मेवारी, कार्यालयको आन्तरिक स्रोत तथा प्रचलित नियमानुसार मितव्ययी रुपले सेवा सुविधा हाल प्राप्त बमोजिम क्रमशः वृद्धि गर्ने निर्णय गरियो ।
- कर्मचारीहरुको हकमा कार्य जिम्मेवारी, आन्तरिक स्रोत तथा प्रचलित नियमानुसार साविकको सेवा सुविधा यथावत् गर्ने निर्णय गरियो ।

निर्णय नं. ३६

- सरकारी कार्यालय बाहेक अन्य संघ संस्था तथा व्यक्तिले गाउँपालिकामा निवेदन दस्तुर बापत रु. १० तर सूचीकृत हुन चाहने संस्थाहरुले रु. ५०० तथा उपभोक्ता समितिले योजना सम्झौता सिफारिस निवेदन वापत रु. २०० तिर्नुपर्ने निर्णय गरियो ।(कालोपत्रे सडकको हकमा रु. ३०० कायम गरियो ।)

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner